# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

## शिक्षण अस्पताल, जुम्ला

# COVID-19 निदानको लागि आवश्यक सामग्रीहरु आपूर्ति सम्वन्धि कार्य

**सुचना प्रकाशित मितिः २०७७।०२।२२**


**कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान**

**शिक्षण अस्पताल, जुम्ला**

**वेवसाइट** : www.kahs.edu.np

**फोन नं : ०८७ ५२०३५५**


रजिष्ट्रार

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

## शिक्षण अस्पताल, जुम्ला

(सूचना प्रकाशित मिति २०७७/०२/२२)

## COVID-19 निदानको लागि आवश्यक सामग्रीहरु आपूर्ति सम्वन्धि कार्यका लागि प्रस्ताव आव्हान

विश्वव्यापी माहामारीका रुपमा फैलिएको COVID-19 को रोकथाम, नियन्त्रण तथा उपचारका लागि Isolation Ward र प्रयोगशाला विभागमा आवश्यक पर्ने विभिन्न सामग्रीहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको आर्थिक प्रशासन नियमावली २०६९ बमोजिम विशेष परिस्थितिमा तत्काल खरिद गर्नु पर्ने भएको हुँदा इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा आपूर्तिकर्ताहरुले तपशिलका शर्त भित्र रहि यो सूचना प्रकाशित भएको मितिले तिन (३) दिन भित्र यस प्रतिष्ठानको ईमेल ठेगाना info@kahs.edu.np मा प्रस्ताव पेश गर्न हुन जानकारी गराईन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले ३ औं दिन (मिति २०७७/०२/२४) को ५:०० बजे भित्र यस प्रतिष्ठानको email: info@kahs.edu.np मार्फत आफ्नो प्रस्ताव पेश गर्नु पर्नेछ ।

२. रित पूर्वक पेश भएका प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम मिति समाप्त भए पश्चात यस प्रतिष्ठानमा प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु मिति २०७७/०२/२५ गते विहान १०:०० वजे खोलिने छ । प्रतिनिधि उपस्थित नभएपनि प्रस्ताव खोल्न वा मुल्याङ्कन गर्न वाधा पर्ने छैन ।

३. प्रस्तावदाताहरुले अनुसूचि “क” बमोजिमका उल्लेख भएका सम्पूर्ण सामग्रीको आफूले कबोल गरेको मु. अ. कर बाहेकको दररेटलाई अङ्क र अक्षर दुवैमा अनिवार्य रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. प्रस्तावदाताले आफुले आपूर्ति गर्ने सामग्रीहरुको स्वच्छ तथा उचित मुल्यका साथ आपूर्ति गर्ने सामग्रीहरुको स्पेसिफिकेसन सहित प्रस्ताव पेश गर्नु पर्नेछ ।

५. प्रस्तावदाताले प्रस्ताव पेश गर्दा सामान आपूर्ति गरि जडान गर्न लाग्ने समय समेत अनिवार्य खुलाई प्रस्ताव पेश गर्नु पर्नेछ ।

६. प्रस्तावदाताले प्रस्तावका साथ तपशिलमा उल्लेख गरिएका कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(क) अनुसूचि “क” मा उल्लेख भएका (आफुले आपूर्ति गर्न चाहेका) सामग्रीहरुको अङ्क र अक्षरमा दररेट उल्लेख गरेको संलग्न अनुसूची (क) दररेट पत्र,

(ख) आ.व. २०७५।०७६ को कर चुक्ता प्रमाणपत्र वा कर चुक्त नगरेको भए म्याद थप गरेको पत्र समावेश गर्नु पर्ने छ ।

(ग) उद्योग, कम्पनी तथा फर्म दर्ता प्रमाणपत्र ।

रजिष्ट्रार

(घ) प्यान नम्वर तथा मु. अ. कर लाग्ने सामानहरु आपुर्ति गर्ने कम्पनीहरुको हकमा मु. अ. कर खर्ता भएको प्रमाणपत्र ।

(ङ) खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा ब्यवसाय सम्वन्धी कसुरमा आफूले सजायं नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र ।

(च) आपूर्ति गर्ने सामग्रीहरुको प्राविधिक स्पेसिफिकेसन ।

७. प्रस्तावदाताले दररेट उल्लेख गर्दा केरमेट गरेको, टिपेक्स लगाएको ठाउँमा सहिछाप नगरेको, वा आफ्नो तर्फबाट कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

८. कुनै पनि प्रस्ताव आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार प्रतिष्ठानमा निहित रहनेछ । म्याद नाघेको र रीत नपुगेको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

९. उल्लेखित सामग्रीहरु आपूर्तिकर्ताले प्रस्ताव स्वीकृत भएको मितिले १० दिन भित्र यस प्रतिष्ठानको केन्द्रिय कार्यालय जुम्लामा आपूर्ति गर्नु पर्नेछ ।

१०. प्रतिष्ठानको आवश्यकता अनुसार सामग्रीहरुको परिमाण निर्धारण गरि माग गरिनेछ ।

११. यस अन्तर्गत सामग्री खरिद कार्यको प्रतिस्पर्धा प्रत्येक सामग्रीहरुको छुटा छुटै गरिने भएको हुदा कुनै पनि प्रस्तावदाताले एक वा एक भन्दा वढी सामग्रीहरु विड गर्न सकिनेछ ।

१२. संझौता गरी सामान आपूर्ति नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि सम्वन्धित निकायमा लेखि पठाइनेछ ।

१३. आपूर्तिकर्ताले सामग्रीहरु यस प्रतिष्ठानमा आपूर्ति गरिसके पश्चात आवश्यक जडान र संचालन गरेर समेत देखाउनु पर्नेछ ।

१४. यस सूचनामा छुट् हुन गएको अन्य शर्तहरुको हकमा यस सूचनामा उल्लेख भए अनुसार तथा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान आर्थिक प्रशासन नियमावली २०६९, सार्वजनि खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेख भए अनुसार हुनेछ ।

१५. यस बारेमा अन्य जानकारी आवश्यक परेमा प्रतिष्ठानको मुख्य कार्यालय जुम्लामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

रजिष्ट्रार

**रकम भुक्तानी सम्बन्धी व्यवस्था**

प्रतिष्ठानबाट माग भए अनुसारको परिमाणका सामग्रीहरु ढुवानी भई गुणस्तर जाँच भई स्टोर दाखिला भएपछि आपूर्तिकर्ताले सम्वन्धित  कार्यको विल पेश गर्नु पर्नेछ । यस्तो भुक्तानी एकाउन्टपेयी चेकबाट गरिने छ र आपूर्तिकताको तर्फबाट व्यहोर्नु पर्ने सम्पूर्ण करहरु लगायत नियमानुसार कट्टा गर्नु पर्ने रकम कट्टा गरेर मात्र भुक्तानी दिइनेछ ।

**विवादको समाधान**

कुनै विवाद भएमा आपसी समभ्कदारीमा समाधान हुन नसकेमा प्रतिष्ठानको निर्णय नै अन्तिम हुनेछ । साथै सम्झौता अनुसार कार्य गर्दा कुनै वाधा अड्काउ परेमा आपसी सहमतिद्वारा समाधान गर्न सकिनेछ ।

**कानूनी उपचारको ब्यबस्था**

यस प्रतिष्ठानले गरेको खरिद कारवाही वा निर्णय गर्दा कुनै त्रुटि हुन गएमा वा केहि विवाद भएमा सो सम्वन्धमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

रजिष्ट्रार

# TECHNICAL SPECIFICATION:

**1. Technical Specification of RDT for SARS CoV 2:**

| S.N | Particular | Purchaser's Specification | Bidder's Offer/Statement of Compliance |
|---|---|---|---|
| 1 | RDT for SARS CoV 2 | Qualitative lateral flow immunochromatographic assay for the detection of IgM and IgG antibodies to SARS-COV-2 in human whole blood, serum or plasma sample.<br><br>simultaneous detection of IgM and IgG antibodies to SARs CoV-2<br><br>Test Cassettes with droppers and buffer.<br><br>The product must be CE/USFDA certified.<br><br>The product /Brand should be Approved/Listed by government of Nepal | |

**2. Specification of PPE Set:**

| S.N | Particular | Purchaser's Specification | Bidder's Offer/Statement of Compliance |
|---|---|---|---|
| 1 | PPE Set | The PPE set should have PPE Suit with following items:<br>Visor-1 Pcs<br>Boot-1 Pair<br>Google: 1 Pcs<br>Cap- 1 Pcs<br>Shoes Cover: 1 Pair<br>N95/KN 95 Mask : 1 Pcs | |

रजिष्ट्रार

**अनूसूचि “क”**

## KARNALI ACADEMY OF HEALTH SCIENCES

### Teaching Hospital, Jumla

**<u>PROCUREMENT OF MATERIALS</u>**

**F/Y 076/077**

| S.N | Name Of Items | Unit | Quantity | Unit Price | Unit Price in Words | Total Amount |
|---|---|---|---|---|---|---|
| 1 | RDT for SARS CoV-2 | PCS | 1 | | | |
| 2 | PPE Set | SET | 1 | | | |
| **Total Amount Without VAT** | | | | | | |
| VAT@13% | | | | | | |
| **Total Amount With VAT** | | | | | | |

Name of Firm :

Name of Propritor :

Firm Seal :

Signature :

Date :

**Delivery Period (Up to KAHS Jumla) :**

*(नोट : उपरोक्त सामग्रीहरुको प्रतिस्पर्धा प्रत्येक सामग्रीहरुको छुटा छुटै हुने भएको हुदा प्रस्तावदाताले एक वा एक भन्दा वढी सामग्रीहरुमा विड गर्न सक्नेछन् र प्रस्तावदाताले सामग्रीहरु आपूर्ति गर्ने समय अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।)*

रजिष्ट्रार